# श्री नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको ३८ औं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्युट) सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ७५(२) वमोजिमको विवरण

**वैधानिक सभा :**

मिति २०८२ साल पौष ०७ गते, सोमबार बसेको श्री नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको ५७० औं बैठकको निर्णय अनुसार यस कम्पनीको नियमावलीको नियम २९ र कम्पनी ऐन २०६३ को दफा ७६(१) बमोजिम बोलाइएको कम्पनीको ३८ औं वार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिको अध्यक्ष श्रीमती प्रेमा राज्य लक्ष्मी सिंहज्युको अध्यक्षतामा निम्न लिखित मिति तथा स्थानमा निम्न विषयहरु उपर छलफल र निर्णय भई सुसम्पन्न भयो ।

**३८ औं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थान**

मिति : २०८२ साल पौष ३० गते बुधबार (तदानुसार १४ जनवरी , २०२६)
समय : बिहान १०:३० बजे
स्थान : नेशनल लाईफ भवन, केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं ।

**सभाको सुचना :**

कम्पनीको मिति २०८२/०९/०७ मा बसेको संचालक समितिको वैठकवाट निर्णय भए अनुसार कम्पनीको नियमावलीको नियम १९ तथा कम्पनी ऐन २०६३ को दफा ६७(२) वमोजिम यस कम्पनीको ३८ औं वार्षिक साधारण सभा हुने ठाँउ, मिति, समय र छलफल गर्ने विषयहरु सहितको विवरण खुलाई शेयरधनीहरुको जानकारीको लागि मिति २०८२/०९/०८ को नागरिक दैनिक र मिति २०८२/०९/२४ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कम्पनी ऐन २०६३ को दफा ८४(१) अनुसारको संक्षिप्त आर्थिक विवरण सहित दुई पटक सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनीलाई जानकारी गराइएको थियो ।

**छलफलका विषयहरु :**

**विषय सूची :**

क) **साधारण प्रस्ताव :**

१. सचांलक समितिको तर्फवाट अध्यक्षज्यूवाट पेश हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०८१/०८२ को वासलात, आय-व्यय हिसाब, नाफा-नोक्सान हिसाब एवम् लेखापरीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस वमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति एवम् पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल अद्यावधिक रुपमा कायम रहेको चुक्ता पूँजी रु.५,४७,२७,३९,७३६/- मा ८.५ (आठ दशमलव पाँच) प्रतिशतका दरले रु.४६,५१,८२,८७८/- नगद लाभांश पारित गर्ने ।

५. संचालक समितिले प्रस्ताव गरे वमोजिम नगद लाभांश र वोनस शेयर वापतको कर प्रयोजनको लागि ०.६५७८९४७४ (सून्य दशमलब छ पाँच सात आठ नौं चार सात चार) प्रतिशतका दरले रु.३,६०,०४,८६७/- नगद लाभांश स्विकृत गर्ने ।

ख) **विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे वमोजिम कम्पनीको हाल अद्यावधिक रुपमा कायम रहेको चुक्ता पूँजी रु.५,४७,२७,३९,७३६/- मा ४ (चार) प्रतिशतको दरले वोनस शेयरको रुपमा लाभांश रु.२१,८९,०९,५८९/- प्रदान गर्ने प्रस्ताव पारित गर्ने । वोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. कम्पनीको चुक्ता पूँजी बृद्धि गरी स्वीकृत प्रबन्धपत्रको दफा ८(ग) तथा नियमावलीको नियम ४(ग) थप संशोधन गर्ने सम्बन्धमा ।

३. कम्पनीले प्रबन्धपत्रको दफा ४(५) को हालको लगानी सम्बन्धि ब्यवस्था थप परिमार्जन गर्ने सम्बन्धमा ।

४. कम्पनी ऐन २०६३ को दफा १०५(१)ग वमोजिम आ.व.२०८१/०८२ मा भएको खर्च अनुमोदन गर्ने ।

५. संशोधित प्रबन्धपत्र/नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायवाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**सभाको वैधानिकता :**

कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली वमोजिम यो सभा बोलाइएको र कम्पनीको कूल शेयरधनी संख्या २४५१७ मध्ये ३०२ जना (प्रोक्सी समेत) र कूल शेयर संख्या ५,४७,२७,३९७ मध्ये ३,०७,४८,३७१ शेयरको प्रतिनिधित्व हुने गरी अर्थात कुल शेयरको ५६.१८ प्रतिशतले प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले कम्पनी ऐन २०६३ को दफा ७३(२) अनुसार साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

कम्पनी ऐन २०६३ को दफा ७४(१) वमोजिम कम्पनीको संचालक समितिका अध्यक्ष श्रीमती प्रेमा राज्य लक्ष्मी सिंहज्युको सभापतीत्वमा बिहान १०:३० बजे साधारण सभा शुरु भयो ।

सभामा शेयरधनी महानुभावहरु मध्ये १६ जनाले कम्पनीको वार्षिक प्रतिवेदन, लेखापरीक्षण विवरण लगायत आर्थिक प्रतिवेदन उपर आ-आफ्नो जिज्ञासा, मन्तब्य, धारणा तथा सुझावहरु ब्यक्त गर्नु भएको थियो । शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा तथा मन्तब्य प्रति सभाको सभापतित्व गरिरहनु भएको संचालक समितिका अध्यक्षज्यूले सामूहिक रुपमा जवाफ दिनु भएको थियो ।

**सभाको निर्णयहरु :**

क) **साधारण प्रस्ताव :**

१। आर्थिक वर्ष २०८१/०८२ को अध्यक्षको प्रतिवेदन, वासलात, आय व्यय हिसाब, नाफा नोक्सान हिसाब लगायत वित्तिय विवरणहरु र लेखा परीक्षकको प्रतिवेदन छलफल पश्चात सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

२। कम्पनीको आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षकमा M.B. Shrestha & Co., Chartered Accountant नियुक्त भई सो लेखा परीक्षण सम्पन्न गरि सक्नु भएको र कम्पनी ऐन २०६३ को दफा १११ (३) अनुसार वंहा लगातार ३ वर्ष लेखा परीक्षण गर्न योग्य भए तापनि ब्यक्तिगत कारणले आ.व. २०८२/२०८३ को लेखा परीक्षण गर्न असमर्थ भएको कम्पनीलाई लिखित जानकारी गराउनु भएको हुनाले सोही अनुसार कम्पनीको लेखा परीक्षण समितिको सिफारिसमा SC Lal Associates, Chartered Accountant लाई साविक लेखा परीक्षण शुल्क रु.८,२५,०००/- ( आठ लाख पच्चिस हजार मात्र) (मूल्य अभिवृद्धि कर अतिरिक्त) पारिश्रमिक दिने गरी नियुक्त गर्ने प्रस्ताव छलफल पश्चात सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

३। संचालक समितिले प्रस्ताव गरे वमोजिम कम्पनीको हाल अद्यावधिक रुपमा कायम रहेको चुक्ता पूँजी रु.५,४७,२७,३९,७३६/- मा ८.५ (आठ दशमलब पाँच) प्रतिशतका दरले नगद लाभांश रु.४६,५१,८२,८७८/- (छयालीस करोड एकाउन्न लाख बयासी हजार आठ सय अठहत्तर रुपैया) प्रदान गर्ने प्रस्ताव सभाले सर्व सम्मतिबाट पारित गऱ्यो ।

४। संचालक समितिले प्रस्ताव गरे बमोजिम नगद एवं वोनस शेयर लाभांशमा कर प्रयोजनको लागि रु.३,६०,०४,८६७/- (तीन करोड साठि लाख चार हजार आठ सय सतसठ्ठी) नगद लाभांश पारित गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

ख) **विशेष प्रस्ताव :**

१। संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल अद्यावधिक रहेको चुक्ता पूँजी रु.५,४७,२७,३९,७३६/- मा ४ (चार) प्रतिशतले बोनस शेयरको रुपमा लाभांश रु.२१,८९,०९,५८९/- प्रदान गर्ने विशेष प्रस्ताव सभाले सर्व सम्मतिबाट अनुमोदन गऱ्यो । साथै वोनश शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने विशेष प्रस्ताव सभाले सर्व सम्मतिबाट अनुमोदन गऱ्यो ।

२। यस सभामा प्रस्तावित वोनस शेयर वितरण गर्दा हाल कायम चुक्ता पूँजी रु. ५,६९,१६,४९,३२४/- (पाँच अरब उनन्सत्तरी करोड सोह्र लाख उनन्चास हजार तीन सय चौबिस) पुग्ने भएकोले सोही अनुसार स्वीकृत प्रबन्धपत्रको दफा ८(ग) तथा नियमावलीको नियम ४(ग) संशोधन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिवाट अनुमोदन गऱ्यो ।

३। कम्पनीको प्रबन्धपत्रको दफा ४(५) को हालको लगानी सम्बन्धि व्यवस्था थप परिमार्जन गरी "कम्पनीलाई तत्काल नचाहिने रकम समय समयमा मनासिव संझिएमा बैंक वा अन्य संस्थाको शेयर वा सेक्युरिटीमा लगानी गर्ने । कम्पनीले सम्बन्धित नियमनकारी निकाय/अन्य निकायको स्विकृती लिई सहायक कम्पनी स्थापना गर्ने । सहायक कम्पनी मार्फत सामुहिक लगानी कोष स्थापना गरी कोष प्रबन्धकको रुपमा सामूहिक लगानी कोष सन्चालन गर्ने । सहायक कम्पनी मार्फत अन्य तोकिएको सेवा उपलब्ध गराउने । विशिष्टीकृत लगानी कोषको प्रवर्द्धकको रुपमा कार्य गर्ने तथा प्राइभेट इक्वीटी, भेन्चर क्यापिटल, हेज फण्ड वा यस्तै प्रकारका अन्य विशिष्टीकृत लगानी कोषमा लगानी गर्ने । कम्पनीले नियमनकारी निकायले तोकेको अन्य विविध क्षेत्रमा आवश्यकता अनुसार लगानी गर्ने" उद्देश्य समेत समावेश गर्ने प्रयोजनको लागि सभामा पेश भएको विशेष प्रस्ताव सभामा सर्वसम्मतिवाट पारित भयो ।

४। कम्पनी ऐन २०६३ को दफा १०५(१) मा व्यवस्था भए अनुसार कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम रु.७०,२५,५००/- (सतरी लाख पचिस हजार पाँच सय मात्र) रकम अनुमोदनको पेश हुदा सो विशेष प्रस्ताव सभाले सर्वसम्मतिवाट अनुमोदन गर्‍यो ।

५। प्रबन्धपत्र र नियमावलीको संशोधनमा सम्बन्धित नियमनकारी निकायले फेरवदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने विशेष प्रस्ताव सभामा सर्वसम्मतिवाट पारित भयो ।

**ग) विविधः**

यस शिर्षक अन्तर्गत कुनै छलफल भएन ।

अन्तमा सभापतिज्यूले यस सम्मानित सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै कम्पनीको प्रगतिको लागि रचनात्मक सुझाव मन्तव्य दिनु हुने वक्ता शेयरधनी महानुभावहरु प्रति आभार व्यक्त गर्नु भयो । कम्पनीको विषय सूचीहरु छलफल गर्न वांकी नभएको हुंदा अपरान्ह १२:०० बजे साधारण सभा समाप्त भएको घोषणा गर्नु भयो ।

कम्पनी सचिव